# सूचकाङ्कमा आधारित बीमा निर्देशिका, २०८२

**स्वीकृत मिति-२०८२/१०/२०**

**प्रस्तावना:** जल तथा मौसम र प्राकृतिक विपद्का कारण व्यक्ति तथा सम्पत्तिमा उत्पन्न हुने जोखिमलाई सूचकाङ्कमा आधारित बीमाको माध्यमबाट रक्षावरण गरी बीमा व्यवसायलाई प्रवर्द्धन गर्न तथा दावी भुक्तानी प्रक्रियालाई छिटो, छरितो, सहज तथा पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सूचकाङ्कमा आधारित बीमा निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका सम्बत् २०८२ फागुन १ गते देखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ख) **"ऐन"** भन्नाले बीमा ऐन, २०७९ सम्झनु पर्छ ।

(ग) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०८१ सम्झनु पर्छ।

(घ) **"बीमा अवधि"** भन्नाले बीमालेखमा उल्लेख भए बमोजिमको रक्षावरणको अवधि वा बीमालेखको अवधि सम्झनु पर्छ।

(ङ) **"बीमाङ्क"** भन्नाले बीमालेखले रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(च) **"बीमालेख"** भन्नाले सूचकाङ्कमा आधारित बीमालेख सम्झनु पर्छ।

(छ) **"बीमाशुल्क"** भन्नाले बीमा गर्दा प्रतिफलको रुपमा बीमितबाट एकमुष्ट वा किस्ताबन्दी रुपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(ज) **"बीमित"** भन्नाले बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(झ) **"बीमक"** भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन तथा लघु निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ञ) **"रक्षावरण"** भन्नाले बीमा गरिएको वस्तुको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(ट) **"मापन केन्द्र"** भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले मौसम सम्बन्धी सूचना संकलन गर्नको लागि स्थापना गरेको जल तथा मौसम मापन केन्द्र सम्झनु पर्छ ।

(ठ) **"प्राकृतिक विपद्"** भन्नाले अनुसूची-१ बमोजिमको विपद सम्झनु पर्छ।

(ड) **"सुरूवाती सूचकाङ्क"** भन्नाले बीमित दावीको लागि योग्य हुने निर्धारित मौसमी अवस्था सम्झनु पर्छ।

(ढ) **"अन्तिम सूचकाङ्क"** भन्नाले बीमित बीमाङ्क रकमको शत प्रतिशत दावी प्राप्त गर्ने निर्धारित मौसमी अवस्था सम्झनु पर्छ।

(ण) **"प्राधिकरण"** भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(त) **"सूचकाङ्क"** भन्नाले बीमा दावी भुक्तानीका लागि निर्धारण गरिएको पूर्व निर्धारित सूचकाङ्क सम्झनु पर्छ।

(थ) **"सूचकाङ्कमा आधारित बीमा"** भन्नाले पूर्व निर्धारित सूचकाङ्कको आधारमा दावी भुक्तानी गर्ने गरी गरिने बीमालाई सम्झनु पर्छ।

(द) **"क्षति"** भन्नाले सूचकाङ्कको आधारमा दावी भुक्तानी गर्नुपर्ने अवस्था सम्झनु पर्छ।

(ध) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए बमोजिम बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(न) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको संघ, संस्था वा फर्म सम्झनु पर्छ।

## परिच्छेद-२

## बीमालेख सम्बन्धी व्यवस्था

३. रक्षाबारण गरिने जोखिमः सूचकाङ्कमा आधारित बीमामार्फत देहायबमोजिमको जोखिमको रक्षाबरण गरिनेछः-

(क) जल तथा मौसमबाट हुने जोखिम,

(ख) प्राकृतिक विपद्बाट हुने जोखिम।

४. <u>बीमालेख तयार गर्नुपर्ने</u>: (१) बीमकले दफा ३ मा उल्लिखित जोखिमहरूको रक्षावरण हुने गरी सूचकाङ्कमा आधारित बीमालेख तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमकले बीमालेख तयार गर्दा देहायका विषय समावेश हुने गरी बीमालेख तयार गर्नुपर्नेछः-

(क) भौगोलिक बनावट,

(ख) लक्षित वर्ग,

(ग) सूचकाङ्क मापन केन्द्रको अवस्थिति तथा प्रभावकारिता खुल्ने विवरण

(घ) दफा १७ को उपदफा (२) र (३) बमोजिमको विवरण,

(ङ) बीमालेख लागू हुने क्षेत्र,

(च) पुनर्बीमा समर्थन,

(छ) सुरुवाती र अन्तिम सूचकाङ्क सहितको दावी भुक्तानी तालिका निर्धारण गर्दा अपनाएको आधार।

(३) बीमकले उपदफा (१) बमोजिम बीमालेख तयार गर्दा जल तथा मौसमको कराण हुने जोखिम वा प्राकृतिक विपद्बाट हुने जोखिम वा ती दुवै जोखिम समावेश हुने गरी बीमालेख तयार गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम बिमालेख तयार गर्दा मोटामोटी, अन्दाजी, करिब जस्ता अस्पष्ट तथा दोहोरो अर्थ दिने शब्द नलेखि स्पष्ट भाषाको प्रयोग गर्नु पर्नेछ।

५. <u>बीमालेख स्वीकृतिका लागि पेश गर्नुपर्ने</u> : (१) बीमकले दफा ४ बमोजिम तयार गरेको बीमालेख अनुसूची-२ बमोजिमको कागजात सहित स्वीकृतिका लागि प्राधिकरणमा पेश गर्नुपर्नेछ।

(२) बीमकले सूचकाङ्कमा आधारित भई वा क्षतिपूर्ति (Indemnity) र सूचकाङ्क दुवैमा आधारित भई बीमालेख तयार गरी स्वीकृतिका लागि प्राधिकरणमा पेश गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्वीकृतिको लागि पेश हुन आएको बीमालेख उपर छानबिन गर्दा बीमालेख जारी गर्न उपयुक्त हुने देखिएमा प्राधिकरणले आवश्यक शर्त समेत तोकी स्वीकृति दिन सक्नेछ।

(४) सूचकाङ्कमा आधारित बीमाको दावी भुक्तानी यस निर्देशिकाको व्यवस्था बमोजिम हुनेछ भने क्षतिपूर्ति (Indemnity) मा आधारित दावी भुक्तानीमा बीमाको दावी भुक्तानी सम्बन्धित बीमालेखमा उल्लेख भएबमोजिम हुनेछ।

(५) बीमकले बीमालेख स्वीकृतिको लागि पेश गर्दा सुरुवाती र अन्तिम सूचकाङ्क समेत खुलाई दावी भुक्तानी तालिका सहित पेश गर्नुपर्नेछ।

६. स्वीकृत बीमालेख जारी गर्नुपर्नेः (१) बीमकले प्राधिकरणबाट यस निर्देशिका बमोजिम स्वीकृत भएको सूचकाङ्कमा आधारित बीमालेख मात्र जारी गर्नुपर्नेछ।

(२) बीमकले बीमालेख स्वीकृत भएको बढीमा तीन महिना भित्र त्यस्तो बिमालेख कार्यान्वयनमा ल्याई सक्नुपर्नेछ।

(३) बीमकले बीमालेख प्रचलनमा ल्याउनु अघि प्रस्ताव फाराम, बीमालेख लगायत अन्य कागजातको मुद्रित प्रति प्रमाणित गरी प्राधिकरणमा पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिमको अवधिभित्र बीमकले बीमालेख कार्यान्वयनमा ल्याउन नसक्ने भएमा सो को कारण सहित त्यस्तो अवधि समाप्त हुनु भन्दा अगावै प्राधिकरणमा निवेदन दिएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी उपयुक्त ठानेमा थप तीन महिना भित्र त्यस्तो बीमलेख कार्यान्वयनमा ल्याउन स्वीकृत प्रदान गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र समेत बीमालेख कार्यान्वयनमा नल्याएमा उक्त बीमालेख स्वतः निष्क्रिय हुनेछ।

७. बीमा अवधिः (१) सूचकाङ्क बीमाको अवधि बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(२) बीमालेख जारी गर्दा बीमालेख जारी भएको समय र जोखिम प्रारम्भ हुने मिति, घण्टा र मिनेट समेत उल्लेख गर्नु पर्नेछ।

(३) बीमालेखमा उल्लेख भएको बीमा समाप्त हुने दिनको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

८. सामूहिक बीमाः (१) सूचकाङ्कमा आधारित बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम बीमकले सामूहिक बीमालेख जारी गर्दा संस्थाले पेश गरेको विवरणको आधारमा संस्थाको नाममा बीमालेख जारी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै विवरण संलग्न गरी बीमक समक्ष पेश गर्नुपर्नेछ।

९. <u>बीमालेख जारी गर्न नपाइने:</u> बीमकले पूरा बीमाशुल्क नलिई बीमालेख जारी गर्न पाउने छैन।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले अनुदान उपलब्ध गराउने अवस्थामा आंशिक बीमाशुल्क लिई बीमालेख जारी गर्न बाधा पर्ने छैन।

१०. <u>बीमालेख रद्द हुने अवस्था:</u> (१) देहायको अवस्थामा बीमा अवधिभित्र बीमकले बीमालेख रद्द गर्न सक्नेछः-

(क) बीमाको मुलभुत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको प्रमाणित भएमा,

(ख) बीमा गरिएको वस्तुको उचित रेखदेख एवं हेरचाह नगरी लापरवाही गरेको प्रमाणित भएमा,

(ग) गैरकानुनी तवरले बीमा गरेको प्रमाणित भएमा,

(घ) बीमा गरेको वस्तु त्याग गरेको प्रमाणित भएमा,

(ङ) बीमायोग्य हित कायम नभएको प्रमाणित भएमा,

(च) बीमितले बीमालेख रद्द गर्न निवेदन दिएमा।

(२) उपदफा (१) बमोजिमको अवस्थाको प्रमाणित गर्ने जिम्मेवारी बीमकको हुनेछ।

११. <u>बीमायोग्य हित कायम हुनुपर्ने:</u> (१) बीमा गरिने वस्तुमा बीमितको बीमायोग्य हित कायम रहेको हुनु पर्नेछ।

(२) बीमा प्रस्ताव फाराममा बीमितले सम्पूर्ण विवरणहरू स्पष्ट र यथार्थपरक रूपमा भरेको हुनु पर्छ।

(३) बीमितले पूरा नभरेको प्रस्ताव फारामको आधारमा बिमकले बीमालेख जारी गर्न पाइने छैन।

## परिच्छेद-३

## <u>बीमाङ्क र बीमाशुल्क</u>

१२. <u>बीमाङ्क निर्धारण</u>: (१) बीमकले बीमाङ्क रकम निर्धारण गर्दा सम्बन्धित वस्तु तथा सम्पत्तिको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरेको मूल्यलाई आधार मानी गर्नु पर्नेछ। तर व्यक्तिको हकमा सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ ।

बीमा प्राधिकरण

(२) उपदफा (१) बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले कुनै वस्तु तथा सम्पत्तिको मूल्य निर्धारण नगरेको अवस्थामा नेपाल सरकारले मान्यता दिएको निकायले निर्धारण गरेको मूल्यलाई आधार मानी गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम समेत मूल्य निर्धारण नभएको अवस्थामा प्रचलित कानून बमोजिम स्थापना भएको सम्बन्धित निकायले निर्धारण गरेको मूल्यलाई आधार मानी मूल्य निर्धारण गर्न बाधा पर्ने छैन।

१३. बीमादरः (१) सूचकाङ्कमा आधारित बीमालेखको बीमादर बीमकले निर्धारण गरी पेश गर्नुपर्नेछ।

(२) बीमकले बीमादर निर्धारणको स्पष्ट आधार खुलाई बीमालेख स्वीकृतिका लागि पेश गर्दा बीमाशुल्क समेत यकिन गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम बीमकले निर्धारण गरेको बीमादरलाई प्राधिकरणले आवश्यक हेरफेर गरी स्वीकृत गर्न सक्नेछ।

१४. बीमाङ्क परिवर्तन गर्न नपाईनेः (१) बीमालेख जारी भईसकेपछि बीमाङ्क रकम परिवर्तन गर्न पाईने छैन।

(२) कुनै बीमितले बीमा अवधिभित्र बीमा गर्नुपर्ने वस्तु थप गर्नु परेमा बीमकले सम्पुष्टी जारी गर्न सक्नेछ।

## परिच्छेद- ४

## दावी भुक्तानी

१५. दावी भुक्तानीः (१) सूचकाङ्क बीमाको दावी भुक्तानी गर्दा बीमकले जल तथा मौसम मापन केन्द्रको तथ्याङ्कलाई आधार मानी गर्नुपर्नेछ।

(२) बीमकले सूचकाङ्क अनुरुप दावी भुक्तानी गर्नुपर्ने अवस्थाको जानकारी प्राप्त गरेपश्चात् यथाशक्य छिटो दावी भुक्तानी प्रक्रिया शुरू गर्नुपर्नेछ।

(३) बीमकले दावी भुक्तानी गर्दा दफा ५ को उपदफा (६) बमोजिमको दावी भुक्तानी तालिका अनुसार गर्नु पर्नेछ।

(४) जल तथा मौसम मापन केन्द्रबाट तथ्याङ्क प्राप्त भएको मितिले सात कार्यदिन भित्र बीमकले दावी भुक्तानी गरिसक्नु पर्नेछ।

नेपाल बीमा प्राधिकरण NEPAL INSURANCE AUTHORITY

१६.<u>दावी भुक्तानी नहुने अवस्था:</u>(१) जुन सूचकमा आधारित भई सूचकाङ्क बीमा गरिएको हो सो बाहेक अन्य सूचकको कारणले क्षति भएमा बीमकले दावी भुक्तानी गर्ने छैन।

(२) दावी भुक्तानीको अपवाद सम्बन्धी अन्य व्यवस्था बीमालेखमा उल्लेख भएबमोजिम हुनेछ।

१७.<u>सूचकाङ्कमा आधारित बीमा गर्न सकिने:</u> (१) यस निर्देशिका बमोजिम बीमालेख तयार गर्दा जल तथा मौसम मापन केन्द्रले मापन गर्न सक्ने स्थानहरुमा मात्र सूचकाङ्कमा आधारित बीमा गर्न सकिनेछ।

(२) मापन केन्द्र नभएको स्थानमा सूचकाङ्क बीमा गर्नुपर्ने भएमा सूचकाङ्क मापन गर्ने तथ्याङ्क उपलब्धताको पुष्टयाई हुने आधार सहित बीमकले प्राधिकरणमा स्वीकृतिका लागि पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचकाङ्क मापन गर्ने पर्याप्त आधार भए नभएको यकिन गरी प्राधिकरणले मान्यता प्राप्त निकायको ग्रह, उपग्रह तथा भु-उपग्रह वा अन्य निकाय एवं संस्थाले उपलब्ध गराउने तथ्याङ्कलाई आधार मानी बीमालेख स्वीकृत गर्न सक्नेछ।

## परिच्छेद-५

## <u>विविध</u>

१८.<u>बीमालेख संशोधन वा बन्द गर्न सकिने:</u> (१) बीमकले स्वीकृत बीमालेख औपचारिक रूपमा बन्द गर्न वा संशोधन गर्न चाहेमा सो को कारण सहित प्राधिकरणमा लिखित जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा प्राधिकरणले आवश्यक जाँचबुझ गरी उपयुक्त देखिएमा त्यस्तो बिमालेख औपचारिक रूपमा बन्द गर्न वा संशोधन गर्न स्वीकृति दिन सक्नेछ।

१९.<u>प्राधिकरणले निर्देशन दिन सक्ने:</u> यस निर्देशिका बमोजिम कार्यान्वयनमा रहेको सूचकाङ्कमा आधारित बीमालेखमा कुनै प्राविधिक त्रुटि भएको पाइएमा प्राधिकरणले आवश्यकता अनुसार उक्त बीमालेख संशोधन गर्न वा बन्द गराउन निर्देशन दिन सक्नेछ।

२०. विवाद समाधानः यस निर्देशिका बमोजिम जारी हुने बीमालेखमा कुनै विवाद भएमा बीमा ऐन, २०७९ बमोजिम विवाद समाधान हुनेछ।

२१. विवरण पेश गर्नुपर्नेः बीमकले जारी बीमालेखको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा प्राधिकरणमा पेश गर्नुपर्नेछ।

२२. विमालेखको भाषाः (१) बीमकले नेपाली र अंग्रेजी दुवै भाषामा बीमालेख तयार गरी स्वीकृतिका लागि प्राधिकरणमा पेश गर्नु पर्नेछ।

तर नेपाली भाषा र अंग्रेजी भाषामा जारी गरिएको बीमालेखमा उल्लिखित कुनै विषयका सम्बन्धमा अष्पष्टता भएमा वा सामञ्जस्यता नभएमा नेपाली भाषामा जारी भएको बीमालेखलाई मान्यता दिइनेछ।

२३. अनुदान सम्बन्धी व्यवस्थाः प्राधिकरणबाट स्वीकृत बीमालेखमा अनुदान प्रदान गर्ने वा नगर्ने विषय नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा अन्य निकायले निर्धारण गरे बमोजिम हुनेछ।

२४. तालिम तथा जनचेतनामूलक कार्यक्रम गर्नुपर्नेः (१) बीमकले आफ्ना कर्मचारीलाई सूचकाङ्कमा आधारित बीमा सम्बन्धी तालिम संचालन गर्नुपर्नेछ।

(२) बीमकले बीमालेख जारी गर्नुपूर्व बीमालेख जारी हुने स्थानका लक्षित वर्गका लागि सूचकाङ्क बीमा बारे जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्नेछ।

(३) बीमकले उपदफा (१) र (२) बमोजिम सञ्चालन गरेको तालिम तथा कार्यक्रमको विवरण प्राधिकरणमा पेश गर्नुपर्नेछ।

२५. प्रचलित कानून बमोजिम हुनेः यस निर्देशिकामा उल्लेख भएका विषय प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानूनको व्यवस्था लागू हुनेछ।

२६. अनुसूची हेरफेर तथा थपघटः यस निर्देशिकाको अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्ने अधिकार प्राधिकरणको अध्यक्षलाई हुनेछ।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-१

(दफा २ को खण्ड (ञ) सँग सम्बन्धित)

<u>प्राकृतिक विपद्को सूची</u>

१. असिना,
२. अतिवृष्टि,
३. अनावृष्टि,
४. बाढी,
५. खडेरी,
६. शीतलहर,
७. लू (तातो लहर),
८. भूकम्प।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

अनुसूची-२

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>बीमालेख स्वीकृतिका लागि आवश्यक कागजात</u>

१. बीमालेखको नाम,

२. बीमालेखले रक्षावरण गर्ने जोखिम,

३. बीमकद्वारा बीमालेख प्रचलनमा ल्याउन गरिएको सञ्चालक समितिको निर्णय उतार,

४. प्रस्ताव फाराम,

५. बीमालेखको मस्यौदा (शर्त, सुविधा, दावी भुक्तानी नहुने अवस्था, अपवाद, बीमालेखले रक्षावरण गर्ने जोखिम लगायतका कागजात),

६. सम्भाव्यता अध्ययन प्रतिवेदन,

७. जल तथा मौसम मापन केन्द्रको उपलब्धता तथा मापनको आधार खुल्ने कागजात,

८. सुरुवाती र अन्तिम सूचकाङ्क निर्धारण गर्न अवलम्वन गरेको विधि,

९. दावी भुक्तानी तालिका निर्धारण गर्न प्रयोग गरेको विधि र विश्लेषण सहितको कागजात,

१०. पुनर्बीमाको समर्थन सम्बन्धी कागजात,

११. बीमालेख जारी हुने भुगोल र लक्षित वर्ग,

१२. बीमादर निर्धारणको आधार,

१३. प्राधिकरणले तोकेको अन्य कागजात।

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

## अनुसूची-३
## (निर्देशिकाको दफा २१ सँग सम्बन्धित)
## सूचकाङ्क बीमाको विवरण

| | | | |
|---|---|---|---|
| आ.व. | | | |
| बीमकको नामः | | | |
| सूचकाङ्क बीमाको नामः | | | |
| शीर्षक | विवरण | रकम | |
| बीमितको संख्या | | | |
| जारी बीमालेख संख्या | | | |
| बीमाशुल्क | कुल | | |
| | खुद | | |
| बीमाङ्क रकम | | | |
| दावी संख्या | भुक्तानी भएको | संख्या | रकम |
| | | | |
| | भुक्तानी हुन बाँकी | संख्या | संख्या |
| | | | |